# स्थानीय राजपत्र


| कालिञ्चोक गाउँपालिका, दोलखाद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड २ | सङ्ख्या ७ | मितिः २०७५/०५/०५ |


**भाग २**

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको कार्यविधि सङ्ख्या ७

# कालिञ्चोक गाउँपालिका यान्त्रिक उपकरण सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना :** कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालयमा रहेका यान्त्रिक उपकरण तथा साधनको मितव्ययी र प्रभावकारी ढङ्गले सञ्चालन तथा व्यवस्थापन गर्न उक्त उपकरणहरू सशुल्क भाडा वा अन्य प्रयोजनका लागि उपलब्ध गराउन कार्यविधि बनाई लागु गर्न वाञ्छनीय

देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमका विषयक्षेत्रलाई कार्यान्वयन गर्नको लागि सोही ऐनको दफा १०२ चौमासिक कालिञ्चोक गाउँपालिकाले यो कार्यविधि जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम **कालिञ्चोक गाउँपालिका यान्त्रिक उपकरण सञ्चालन कार्यविधि, २०७४** रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा** :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ।

ख) "नियमावली" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनुपर्दछ।

ग) "गाउँपालिका" भन्नाले कालिञ्चोक गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

घ) "गाउँ सभा" भन्नाले कालिञ्चोक गाउँसभा सम्झनु पर्दछ।

ङ) "अध्यक्ष" भन्नाले कालिञ्चोक गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्दछ।

च) "उपाध्यक्ष" भन्नाले कालिञ्चोक गाउँपालिकाका उपाध्यक्षलाई सम्झनुपर्दछ।

छ) "गाउँकार्यपालिका" भन्नाले कालिञ्चोक गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

झ) "इन्जिनियर" भन्नाले कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत प्राविधिक शाखा प्रमुखलाई सम्झनुपर्दछ ।

ञ) "कार्यालय" भन्नाले कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

ट) "प्रयोगकर्ता" भन्नाले मेसिनरी औजार प्रयोगमा लैजाने सङ्घ, संस्था, व्यक्ति र उपभोक्ता समितिलाई सम्झनुपर्दछ ।

ठ) "भाडा" भन्नाले यान्त्रिक उपकरणहरू भाडामा उपलब्ध गराउन निर्धारण गरिएको दर रेटबाट हुन आउने रकमलाई सम्झनुपर्दछ ।

ड) "बिल" भन्नाले मेसिनरी औजार सञ्चालन गरेको अपरेशन लगसिटको आधारमा कार्यालयले भाडा बापतको रकम संचितकोष खातामा जम्मा गर्न तयार गरेको भाडा, महशुल, बिल समेतलाई सम्झनुपर्दछ ।

ढ) "अपरेटर" भन्नाले मेसिनरी औजार सञ्चालन गर्ने कर्मचारीलाई सम्झनुपर्दछ ।

## ३. उद्देश्य :

कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरू सङ्घीय सरकार, प्रदेश

सरकारबाट सञ्चालित विकास आयोजना तथा कार्यक्रमहरू, विभिन्न सङ्घ संस्थाबाट सञ्चालित कार्यक्रमहरू, दातृ निकायबाट सञ्चालित आयोजनाहरू साथै अन्य स्थानीय निकायबाट समेत माग भई आएमा प्राथमिकताको आधारमा प्रयोगमा पठाउनु तथा उपकरण सञ्चालन विधिमा एकरुपता ल्याउनु यो कार्यविधिको प्रमुख उद्देश्य रहेकोछ ।

**४. सञ्चालन विधि :**

१) गाउँपालिकाको कार्य वा अन्य आकस्मिक कार्यमा प्रयोग नभई यान्त्रिक उपकरणहरू खाली रहेको अवस्थामा गाउँपालिकाको कार्यमा बाधा नपर्ने गरी गाउँपालिकाले तोकेको भाडा दरमा कुनै व्यक्ति, सङ्घ संस्था र उपभोक्ता समिति आदिलाई मेसिनरी औजार भाडामा उपलब्ध गराउन सक्नेछ ।

२) कुनै पनि व्यक्ति, संस्थालाई आवश्यक परेको उपकरण प्रयोगमा ल्याउनका लागि देहायका प्रकृया पूरा भए पश्चात मात्र उपकरण भाडामा उपलव्ध गराउन सक्नेछ ।

क) कुनै व्यक्ति, सङ्घ, संस्था र उपभोक्ता समितिलाई यान्त्रिक उपकरण कार्यालयले भाडामा उपलब्ध गराउन सक्ने अवस्था भएमा अनुसूची १ बमोजिमको ढाँचामा निवदेन दिनुपर्नेछ ।

ख) भाडामा प्रयोग गर्न माग गरिएको उपकरण गाउँपालिकाले उपलव्ध गराउन सक्ने अवस्था भएमा सम्बन्धित व्यक्ति सङ्घ संस्था र उपभोक्ता समितिले गाउँपालिकाले तोकेको भाडादर बमोजिम प्रयोगकर्ताले प्रयोग गर्न चाहेको अवधिको लागि लाग्ने भाडा दर अग्रिम रुपमा गाउँपालिकाको

कार्यालयमा नगदै आम्दानी रसिद वा गाउँपालिकाको नेपाल बैंक लिमिटेड, चरिकोट, दोलखा शाखामा रहेको सञ्चित कोष खातामा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

ग) कुनै व्यक्ति, सङ्घ संस्था र उपभोक्ता समितिले रसिद प्राप्त गरिसकेपछि कार्यालयले तोकिए बमोजिमको सम्झौता गर्नुपर्नेछ । उक्त सम्झौता ढाँचा अनुसूची ३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

घ) निवेदकले माग गरिएको समय भन्दा बढी समयसम्म काम गर्नुपर्ने भएमा मेसिन अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खबर गरी थप कार्य आदेश लिएर थप समयको लागि अग्रिम रकम जम्मा गर्न लगाएर मात्र मेसिन सञ्चालन गर्नु पर्नेछ ।

ङ) यान्त्रिक उपरकण प्रयोग गरेबापत प्रतिघण्टा, प्रतिसिफ्ट र प्रतिदिनको शुल्क निर्धारण कार्यविधिको दफा ६ बमोजिम हुनेछ ।

च) मेसिनरी औजार भाडामा प्रयोग गर्ने प्रयोजनको लागि प्रयोगकर्ताको निवेदन सम्झौता फाराम र लगसिट रजिस्ट्ररमा दर्ता गरी छुटै फाइल खडा गरी राख्नुपर्दछ ।

छ) मेसिनरी औजार प्रयोगमा लैजादा काम भएको साइटबाट वा कार्यालयबाट लैजाने र काम सम्पन्न भइसकेपछि कार्यालयमा ल्याउने सम्मको सम्पूर्ण व्यवस्था प्रयोगकर्तालै नै गर्नुपर्नेछ ।

ज) मेसिनरी औजार प्रयोग गर्दा त्यसमा खपत हुने तेल, ग्रिज र अपरेटरको भत्ता प्रयोगकर्ताले नै व्यहोर्नुपर्नेछ। तर मेसिनरी औजारमा प्रयोग हुने तेल, ग्रिज र अपरेटर भत्ताको व्यवस्था गाउँपालिकाबाट भएको खण्डमा त्यसबापतको रकम प्रयोगकर्ताबाट गाउँपालिकाले लिनसक्नेछ।

झ) मेसिनरी औजार प्रयोगको सिलसिलामा बिग्रन गई काम सञ्चालन हुन नसकेमा त्यसको जानकारी अपरेटरले गाउँपालिकामा दिनुपर्नेछ। सम्बन्धित क्षेत्रको प्राविधिकबाट जाँच गराई मर्मत आदेश फाराम बनाई त्यसको मर्मत गरी सञ्चालनमा ल्याउनुपर्नेछ। त्यस अवधिको रेकर्ड अपरेटरले लगसिटमा समेत राख्नुपर्नेछ।

ञ) मेसिनरी औजार भाडामा प्रयोग भई फिर्ता आएपछि अपरेटरले लगसिटसहितको प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ।

ट) मेसिनरी औजार भाडामा प्रयोग भई फिर्ता आएपछि अपरेटरले लगसिटसहितको प्रतिवेदनसहितको आधारमा अनुसूची ४ बमोजिमको ढाँचामा भाडाको बिल गाउँपालिकाबाट तयार गरी प्रयोगकर्ताको लागि दिनुपर्नेछ।

ठ) मेसिनरी औजार भाडामा प्रयोग भई फिर्ता आएपछि अपरेटरले लगसिटसहितको प्रतिवेदनसहितको आधारमा भाडाको बिल गाउँपालिकाबाट तयार गर्दा बिलभन्दा धरौटी बापतको रकम बढी भएमा प्रयोगकर्तालाई उक्त धरौटीबाट कट्टा गरी बाँकी रकम फिर्ता दिनुपर्नेछ भने बिलभन्दा धरौटी रकम कम भएमा बिल बमोजिमको रकम प्रयोगकर्ताबाट लिनुपर्नेछ।

ड) कार्यालयबाट मेसिनरी औजार उपलब्ध गराउँदा मेसिनरी औजार प्रयोग सम्बन्धी सर्त तथा नियमहरू गाउँपालिकाले बनाउन सक्नेछ । सोको परिधिभित्र रही मेसिनरी औजार प्रयोग गर्नुपर्नेछ ।

ढ) सम्झौता फाराम तीन प्रति बनाई एक प्रति प्रयोगकर्ता, एक प्रति अपरेटर र एक प्रति कार्यालयमा राख्नुपर्नेछ ।

## ५. इन्धन र मर्मत सम्बन्धी व्यवस्था

१) यान्त्रिक उपकरण अपरेटरले इन्धन तथा लुब्रिकेट माग गर्दा अनुसूची-२ बमोजिमको फाराम स्वीकृत गराएर मात्र भर्नुपर्नेछ। इन्धन तथा लुब्रिकेट खपतको अद्यावधिक विवरण मेसिन अपरेटरले तयार गरी इन्जिनियरको सिफारिसमा कार्यालय प्रमुखसमक्ष पेश गर्नुपर्नेछ ।

२) इन्धन तथा लुब्रिकेट र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विवरण कार्यालयमा अद्यावधिक गरी राख्नुपर्नेछ ।

३) मेसिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेसिन अपरेटरले कार्यालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ। कार्यालय प्रमुखबाट स्वीकृत गराएपश्चात मात्र मेसिनको मर्मत सम्भार गरिनेछ ।

## ६. सञ्चालन शुल्क

(१) कुनै पनि व्यक्ति, सङ्घ संस्था, उपभोक्ता समितिबाट यान्त्रिक उपकरण माग भई आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनुपर्नेछ ।

क) व्याक्हो लोडरको लागि भाडा, इन्धन,अपरेटर भत्ता तेल सहित देहाय बमोजिम हुनेछ ।

<table>
<tr><th>क्र.स</th><th>कामको प्रकार</th><th>विवरण</th><th>प्रति घण्टा रु</th></tr>
<tr><td>१</td><td rowspan="5">गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरू वा व्यक्ति, सङ्घ संस्था, अन्यका लागि</td><td>व्याक्हो लोडर भाडा</td><td>१३५६। (VAT) सहित</td></tr>
<tr><td>२</td><td>अपरेटर भत्ता</td><td>१००।</td></tr>
<tr><td>३</td><td>सहायक अपरेटर भत्ता</td><td>५०।</td></tr>
<tr><td>४</td><td>ग्रिज</td><td>५०।</td></tr>
<tr><td>५</td><td>तेल</td><td>८००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२३५६।</td></tr>
</table>

(ख) स्काईभेटरको लागि भाडा, इन्धन, अपरेटर भत्ता तेल सहित देहाय बमोजिम हुनेछ ।

<table>
<tr><th>क्र.स</th><th>कामको प्रकार</th><th>विवरण</th><th>प्रति घण्टा रु</th></tr>
<tr><td>१</td><td rowspan="5">गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरू वा व्यक्ति, सङ्घ संस्था, अन्यका लागि</td><td>स्काभेटर भाडा</td><td>२०३४। (VAT) सहित</td></tr>
<tr><td>२</td><td>अपरेटर भत्ता</td><td>१५०।</td></tr>
<tr><td>३</td><td>सहायक अपरेटर भत्ता</td><td>५०।</td></tr>
<tr><td>४</td><td>ग्रिज</td><td>५०।</td></tr>
<tr><td>५</td><td>तेल</td><td>२२००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४४८४।</td></tr>
</table>

(ग) सवारी साधन टिपरका लागि भाडा, इन्धन सवारी चालक, तेल सहित देहाय बमोजिम हुनेछ ।

| क्र.स | कामको प्रकार | विवरण | प्रति घण्टा रु |
|---|---|---|---|
| १ | सवारी साधन प्रयोग गरे वापत | एकमुष्ठ | १०००। |

(२) दफा (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि मेसिनरी औजार को दर रेट प्रचलित कानुन वा बजार मूल्य वा गाउँपालिकाकाले निर्णय गरे बमोजिम संशोधन वा थपघट हुन सक्नेछ ।

(३) सवारी साधन टिपर चालकलाई काम गरेको दिन लगसिटलाई आधार मानी प्रतिदिन रु. ७००।- भत्ता उपलब्ध गराईनेछ ।

**७. कर्मचारी सम्बन्धी व्यवस्था :**

क) व्याकहो लोडर सञ्चालनका लागि १ जना अपरेटर र एकजना सहयोगी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम करार सेवामा नियुक्त गरिनेछ । चालकको पारिश्रमिकको सम्बन्धमा नेपाल सरकारले तोके बमोजिमको तलब र भत्ता उपलव्ध गराइनेछ ।

ख) स्काभेटर सञ्चालनको लागि १ जना अपरेटर र १ जना सहयोगी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम करार सेवामा नियुक्त गरिनेछ । चालकको पारिश्रमिकको सम्बन्धमा नेपाल सरकारले तोके बमोजिमको तलब र भत्ता उपलव्ध गराईनेछ ।

ग) टिपर सञ्चालनका लागि १ जना हेभी सवारी चालक र १ जना सहयोगी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम

करार सेवामा नियुक्त गरिनेछ । चालकको पारिश्रमिकको सम्बन्धमा नेपाल सरकारले तोके बमोजिमको तलब र भत्ता उपलव्ध गराइनेछ ।

**८. सञ्चालन तथा व्यवस्थापन समिति :**

गाउँपालिकाका यान्त्रिक उपकरणको सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत तथा निर्देशनात्मक व्यवस्थाका लागि तपसिल बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

गाँउपालिका अध्यक्ष - संयोजक

गाउँपालिका उपाध्यक्ष - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

**९. विविध :**

यस कार्यविधि जारी हुनुपूर्व भएका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची - १

## कालिञ्चोक गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

सुनखानी, दोलखा

श्री कार्यालय प्रमुखज्यू,
कालिञ्चोक गाउँपालिका
गाउँकार्यापालिकाको कार्यालय
सुनखानी, दोलखा ।                                        मिति :

...............

### यान्त्रिक उपकरण भाडामा प्राप्त गर्न निवेदन पत्र

.......................................................................... कामका लागि गाउँपालिकाको नियमानुसार निम्नलिखित यान्त्रिक उपकरणहरू उल्लेखित समयको लागि उपलब्ध गराइदिनुहुन निवेदन गर्दछु ।

| क्र.स. | यान्त्रिक उपकरण | कार्यको विवरण | स्थान | सिफ्ट | कहिले देखि | अनुमानित कार्य अवधि |
|---|---|---|---|---|---|---|
| | | | | | | |

यस गाउँपालिकाको नियमानुसार भाडा बिल प्राप्त भएपछि कट्टा हुने गरी हाल गाउँपालिकाबाट निर्धारित कार्यविधि अनुसारको निवेदकले पालना गर्नुपर्ने नियम तथा शर्तहरू पालना गर्न समेत मञ्जुर छु ।

निवेदकको पूरा नाम, ठेगाना:                    निवेदक वा निजको
मोबाइल नं.                                    प्रतिनिधिको हस्ताक्षर :...............

**कार्यालय प्रयोजनका लागि मात्र**

श्री लेखा शाखा,

................................निम्न बमोजिम रकम  लिनुहोला ।

| भाडामा दिने यान्त्रिक उपकरणको विवरण | भाडा दर | | अनुमानित रकम |
|---|---|---|---|
| | प्रति घण्टा | प्रति सिफ्ट | |
| | | | |

रकम प्राप्त भएको

प्रमाणित गर्ने अधिकृतको दस्तखत :

**अनुसूची - २**
**कालिञ्चोक गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
सुनखानी, दोलखा

## मर्मत सम्भार आवेदन फाराम

मेसिन नं. कि.मि.आवर मिटर :

मेसिनको किसिम : काम गरिरहेको स्थान

मिति :

यस अघि मेन्टेनेन्स गरेको कि.मि./आवर मिटर :

चलाइ आएको उपर्युक्त मेसिनमा तपसिल बमोजिमका खराबी देखिएको हुँदा मर्मत गराइदिने व्यवस्था हुन अनुरोध गर्दछु :

| क्र.स. | देखिएको खराबी | अनुमानित लागत |
|---|---|---|
| | | |

अपरेटर/चालकको दस्तखतः
मिति :

**अनुसूची - ३**

**कालिञ्चोक गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

सुनखानी, दोलखा

**मेसिन चलान / सम्झौता फारम**

सि.नं.

मिति :

श्री कालिञ्चोक गाउँपालिका (यसअघि प्रथम पक्ष भनिएको) र .................. ......................... (यसपछि दोस्रो पक्ष भनिएको) बीच मिति ............ मा दोस्रो पक्षलाई मिति ................ देखि ........................... सम्म ...................... सिफ्ट/घण्टाको लागि भाडामा दिने गरी यो सम्झौता गरिदिएँ/दियौं । उक्त मेसिनलाई तोकिएको समयभित्र कार्यालयमा फिर्ता ल्याउन हुन सूचित गरिन्छ ।

| (प्रथम पक्ष) | (दोस्रो पक्ष) |
|---|---|
| कालिञ्चोक गाउँपालिकाको तर्फबाट | प्रयोगकर्ताको तर्फबाट ..... |
| नाम : | नाम : |
| पद : | फर्म/संस्था/उपभोक्ता समिति : |
| मिति : | मिति : |
| छाप : | छाप : |

निवेदकले पालना गर्नुपर्ने नियम शर्तहरू पालना गर्ने गरी उपरोक्त विवरणको मेसिन बुझिलगेँ ।

दस्तखत :

समय :

मिति :

उपरोक्त विवरणको मेसिन फिर्ता प्राप्त भयो ।

दस्तखत :

समय :

मिति :

भाडा सम्झौता नं.

## अनुसूची - ४
# कालिञ्चोक गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा

सम्झौता मिति : भाडामा लिनेको नाम : बिल नं. नाम :

मिति : ठेगाना :

## भाडा महसुल बिल

| यान्त्रिक उपकरणको विवरण | | लगसिट | भाडा विवण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क.स. | विवरण | नं. | सिफ्ट | घण्टा | दर (रु.) | भाडा रकम (रु.) | |
| १ | २ | ३ | ४ | ५ | ६ | ४ वा ५X(६)=७ | ८ |
| | | | | | | | |
| | | | | | | | |
| | | जम्मा | | | | | |

जम्मा भाडा रकम : पेश्की जम्मा :

बुझाउनु पर्ने / फिर्ता गर्नुपर्ने रकम :............................

तयार गर्ने : भुक्तानी दिनेको दस्तखत :

दर्जा : मिति :

मिति :

**प्रमाणीकरण मितिः २०७५।०५।०५**

**आज्ञाले,**
**बालकृष्ण हुमागाई**
**प्रमुख प्रशासकीय अधिकृत**